CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #७३

१७।७।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## चालु आ.व.को असोज महिनासम्म वैदेशिक रोजगार बोर्डको सचिवालयले आर्थिक सहयोगमा गरेको खर्चको विवरण

३२८ जना मृतक कामदारका परिवारलाई आर्थिक सहायता
**रु. २१,९२,१०,०००**

३२ जना अंगभंग/बिरामी भएका कामदारलाई आर्थिक सहायता
**रु. १,०५,९०,०००**

७ अलपत्र शव नेपाल झिकाउनका लागि रकम पठाईएको
**रु. २७,७०,८३१**

२६८ मृतक कामदारको शव घर ठेगानासम्म ढुवानी गरिएको
**रु. ५९,४०,०१६**

८६ जना अलपत्र कामदारको उद्दार/टिकटका लागि मलेसियामा रकम पठाईएको
**रु. ३०,००,०००**

**जम्मा रकम**
**रु. २४,१५,१०,८४७**

स्रोत: https://cutt.ly/agODTCT

## नेपाल अपडेट



काभ्रेपलाञ्चोक जिल्लाको मण्डनदेउपुर नगरपालिका वडा नं ८ धाइटारमा रहेको सेवक नेपालले संचालन गरेको बाल आश्रमका विद्यार्थीहरु लामबद्ध भएर विद्यालय जाँदै ।
तस्विर: केशवराज पौडेल

### परिक्षण

पिसिआर परिक्षण: १४,६९,८१२
पोजेटिभ: १,७६,५००
उपचाररत: ३,७५,२४
मृत्यु : ९८४
सन्चो भएका : १,३७,९९२




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



अब त सरकारी अस्पतालमा पनि कोभिड - १९ का बिरामीले उपचार गराउँदा पहिला धरौटी राख्नुपर्छ रे ।

टेकु अस्पताल लगायतका केही सरकारी अस्पतालले कोभिड - १९ का बिरामीको अवस्था अनुसार दैनिक लागत शुल्क सहित बिरामीले अग्रिम धरौटी राख्नुपर्ने सूचना जारी गरेका समाचारहरु आएका थिए । त्यस्ता धरौटी सम्बन्धी सूचना निकाल्ने सबैलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्पष्टिकरण सोधेको छ । सक्नेसँग शुल्क लिने र नसक्नेलाई नि:शुल्क उपचार गर्ने सरकारको निर्णय यथावत रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । शुल्क तिर्न नसक्नेले स्वघोषणा फारम भरे मात्र पनि उपचार बापत लागेको खर्च सरकारले व्यहोनेछ ।

स्रोत: https://www.facebook.com/mohpnep/videos/685481642095524



सरकारले गरिब पहिचान गरी परिचयपत्र दिँदैछ रे । के यही परिचय पत्रका आधारमा सरकारले कोरोनाको उपचार सित्तैमा गर्ने हो ?

हैन । अहिले नै परिचयपत्रका आधारमा कोरोनाको उपचार सरकारले सित्तैमा गर्ने भनेको हैन । गरिब तथा विपन्न वर्गको तथ्यांक नहुँदा राज्यको तर्फबाट राहत तथा सहुलियतका कार्यक्रम सञ्चालन गर्न समस्या भएको हुँदा चालु आर्थिक वर्ष २०७७/७८ भित्र गरिब घरपरिवार पहिचान गरी परिचय पत्र वितरण कार्य सम्पन्न गर्ने योजना सरकारले बनाएको हो । तर, यसले त्यसपछिका दिनमा भने परिचय पत्रको आधारमा राहत, सहुलियत, रोजगारी, सामाजिक सुरक्षा लगायतका कार्यक्रम सञ्चालन गर्न सरकारलाई सहज हुनेछ ।

स्रोत: https://cutt.ly/xgOqDqs



सुदूरपश्चिम प्रदेशको कोभिड - १९ सम्बन्धी सबै अपडेट अब मोबाईलबाटै जानकारी पाउन सकिन्छ रे । त्यसका लागि के गर्नु पर्छ ?

सुदूरपश्चिम प्रदेशको कोभिड १९ सम्बन्धी सबै अपडेट अब मोबाईलबाटै पाउन सकिने भएको छ । त्यसका लागि आफ्नो मोबाइलको Google Play Store मा गएर #SudurpaschimCovid19Tracker App Download गर्नुपर्नेछ ।
https://play.google.com/store/apps/details
मा गएर पनि सजिलै एप डाउनलोड गर्न सकिनेछ ।

स्रोत: सुदूरपश्चिम सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश



मंसिर ९ गते देखी सञ्चालन हुने कक्षा १२ का विद्यार्थी परीक्षा दिन आफु पढेको विद्यालयमै उपस्थित हुनुपर्ने हो ?

कोभिड - का कारण आफुले अध्ययन गरेको विद्यालय रहेको जिल्ला भन्दा फरक जिल्लामा रही आफ्नो विद्यालयमा उपस्थित भई परीक्षामा सहभागी हुन असमर्थ परीक्षार्थीहरुलाई यस अघी नै पायक पर्ने जिल्लाको विद्यालयको विवरण पेश गर्न भनिएको थियो । सोही विवरणका आधारमा विद्यार्थी परीक्षामा सहभागी हुन सक्नेछन् । यस प्रयोजनका लागि काठमाण्डौ उपत्यकाका तिन ओटै जिल्लालाई एउटै जिल्ला मान्नुपर्नेछ ।

स्रोत: http://www.neb.gov.np/uploads/photos/CRZhu-rJpk201029092513.pdf

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,४७,६५६ संक्रमित | १,२६,५३४ संक्रमित | ८१,९२३ संक्रमित | १,३२,७२० संक्रमित | १,३३,९०७ संक्रमित | १,१६,१५२ संक्रमित | ३३,३३९ संक्रमित | २६,७३२ संक्रमित |
| ५,१५० नेपाली संक्रमित | २,१०० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २६,५०० नेपाली संक्रमित | ३,३५० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २७ नेपाली संक्रमित |
| ८३ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ६९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## UAE मा कम्पनीले तलब नदीएको खण्डमा के गर्ने ?

कानुन अनुसार कुनै पनि कम्पनीले आफ्ना कामदारलाई WPS (Wages Protection System) अनुसार बैंक अर्थात् कुनै पनि बित्तिय संस्था मार्फत तलब दिनु पर्ने हुन्छ । यो तलब महिना सकिएको १० दिन भित्रमा दिनु पर्ने हुन्छ । यदी कम्पनीहरूले यस्तो नगरेको उजूरी परेमा MOHRE (यूएई सरकारको कम्पनि र कामदार को सम्बन्ध हेर्ने संस्था) द्वारा कारवाही हुन्छ ।

तलब नपाएका लगायतका कुनै पनि श्रमिक सम्बन्धी समस्या MOHRE समक्ष राख्न सकिन्छ । तर, कम्पनीको गल्ती भएको खण्डमा मात्र दर्ता गरेको उजुरीको सुनुवाई हुन्छ । धेरै कुरा कम्पनीसँग गरिएको सम्झौतामा भर पर्ने भएकाले, उजूरी गर्नु पूर्व सम्झौतामा के छ भनेर पनि जान्नु जरुरी हुन्छ ।

### उजुरी कसरी गर्ने ?

**फोनबाट :** 80060 मा फोन गरेर (हिन्दी, अरबिक, र अंग्रेजी मध्ये कुनै पनि भाषामा कुरा गर्न सकीन्छ)

**MOHRE को वेवसाईट:** www.mohre.gov.ae

**मेबाईल एप्लिकेशन:** MOHRE

*आफ्नो पासपोर्ट नम्बर र सम्भव भएसम्म लेवर कार्ड नम्बर थाहा पाईराख्नुपर्ने हुन्छ ।*

**www.facebook.com/shramik.sanjal** बाट तपाई हरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**




## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च

रकम निकासा

खर्च भएको रकम




accountabilitylab NEPAL

# घर फर्किनमात्र तिन लाख खर्च



म केहि वर्ष अगाडी रोजगारीको लागि दुवई गएको थिएँ । मेरो भिषाको म्याद २०७६ चैत्र १२ गतेसम्म मात्रै थियो । भिषाको अवधी सकिएपछी १२ गते नै नेपाल पलर्किने गरी टिकट काटेको थिएँ । नेपालमा लकडाउन सुरु भएकोले टिकटको पैसा खेर गयो । पैसा फिर्ता हुन्छ भनेको थियो, तर अहिलेसम्म फिर्ता भएको छैन । २०७६ चैत्र देखी २०७७ साउन १० गतेसम्म ४ महिना आफ्नै खर्चमा त्यहाँ बसेँ । बसाईमै मेरो करिब १ लाख ५० हजार रुपैयाँ खर्च भयो । अझै भनौं, त्यसभन्दा अगाडी महिनौं परिश्रम गरेर कमाएको लाखौं रकम त्यहाँ बसेर मात्र खर्च भयो ।

साउन १० गते ७० हजार रुपैयाँको टिकट काटेर नेपाल आएँ । जबकी अरु समयमा टिकट बापत करिब १७ हजार रुपैयाँ मात्र तिर्नु पर्दथ्यो । काठमाण्डौंमा चार दिन बस्नुपर्‍यो । सो अवधीमा भनेजस्तो खान बस्न पाइएन । करिब १२ हजार खर्च गरेपछि सुर्खेत आइपुगेँ । सुर्खेतमा १ दिन सुब्बाकुना भन्ने ठाउँमा दुखका साथ बसियो । त्यसपछि विरेन्द्रनगर स्थीत घण्टाघरमा रहेको क्वारेन्टानमा बसेर घर आएँ । अन्य समयमा ५० हजार रुपैयाँ लाग्ने खर्च यस पटक मलाइ घरसम्म आइपुग्न करिब तिन लाख लाग्यो ।

अहिले परिस्थिती सामान्य नभएकोले गाउँमा बसिरहेको छुँ । यहाँ कमाउने वातावरण नै छैन । स्थिती सामान्य भएपछी फेरी विदेश नै जाने बिचार छ । यहाँ आउँदा मेरो अन्य समयभन्दा धेरै खर्च भएकोले मलाई थप आर्जन गर्नुपर्ने बाध्यता छ । यहाँका स्थानीय तहले हामीहरुले काम गर्ने वातावरण वनाइदिएका छैनन् । नगरपालिकामा केहि रोजगारमुलक कामहरु त रहेछन्, तर ती कार्यक्रमहरु एकदमै छोटो समयका लागि छन् । ज्याला पनि राम्रो छैन । यो अवस्थामा हामीले यहाँ वसेर खर्च धान्न सक्दैनौं । कहिले अवस्था सामान्य होला र भिषाको लागि आवेदन दिउँला जस्तो भएको छ । हामी जसरी पनि विदेश जानै पर्ने अवस्थाको अन्त्य कहिले होला ?

**प्रेम कँडेल**
*दैलेख*

सही सूचना

# नेपालमा दैनिक पिसिआर परीक्षण गरेका मध्ये संक्रमण पुष्टि हुने प्रतिशत (कार्तिक ४ गते देखी कार्तिक १६ सम्म)

नेपालमा दैनिक पिसिआर परीक्षण गरेका मध्ये संक्रमण पुष्टि
हुने प्रतिशत (कार्तिक ४ गते देखी कार्तिक १६ सम्म)




माथिको ग्राफमा २०७७ साल कार्तिक ४ गते देखी कार्तिक १६ सम्म नेपालमा दैनिक पिसिआर परीक्षण गरेका मध्ये संक्रमण पुष्टि हुने दरलाई देखाईएको छ । केही घटबढ आँकडालाई छोड्ने हो भने, यो अवधीमा प्रतिदिन परीक्षण मध्ये औषतमा २४ प्रतिशतमा संक्रमण पुष्टि भएको छ । यो तथ्यांकले काठमाण्डौ जस्ता घना वस्ती भएका शहरमा संक्रमण सर्ने दर अत्याधिक बढेको संकेत गर्दछ । तथ्यांक हेर्ने हो भने, परीक्षणको दर बढेसँगै संक्रमितको संख्या पनि त्यही अनुसार बढेको छ । यसबाट दुई ओटा कुरा भन्न सकिन्छः पहिलो, नेपालमा कोभिड - १९ को संक्रमण घट्ने देखिदैन र दोस्रो, वास्तविक संक्रमण दर थाहा पाउने एउटा मात्र उपाय परीक्षणको दर बढाउनु हो ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219